'उज्यालो नेपालको संवाहक'

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं

पत्र संख्या २०८३/८४ के.क.प्र.शा. च.नं. १८८

मितिः- २०८३।०५।११

श्री उत्पादन निर्देशनालय।

श्री प्रसारण निर्देशनालय।

श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय।

श्री ईन्जिनियरिङ्ग सेवा निर्देशनालय।

श्री अर्थ निर्देशनालय।

श्री योजना, अनुगमन तथा सूचना प्रविधि निर्देशनालय।

श्री आयोजना व्यवस्थापन निर्देशनालय।

श्री व्यवसाय विकास निर्देशनालय।

विषयः- कार्यालय सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा।

मिति २०८३ भाद्र १० गते विहान भोटेकोशी तथा त्रिशुली नदीमा आएको आकश्मिक बाढीका कारण व्यापक रुपमा जनधनको क्षती पुगेको अवगत नै छ। उक्त विपद्मा प्राधिकरण, सहायक कम्पनी र निर्माण व्यवसायीका कर्मचारी तथा कामदारका अतिरिक्त सर्वसाधारण समेतसँग सम्पर्क हुन नसकेकोले निजहरुको खोजी/उद्धारको कार्य निरन्तर रुपमा सञ्चालन भईरहेको छ। उक्त विषम परिस्थितिलाई मध्यनजर गरी प्राधिकरणले, सम्पादन गर्नुपर्ने कार्यहरु कुनैपनि अवस्थामा प्रभावित हुन नदिन तहाँ र अन्तर्गतका कार्यालयहरुले देहाय बमोजिम हुने गरी गर्न गराउनु हुन सूचित गरिन्छः

१. अर्को सूचना जारी नभएसम्म सबै कर्मचारीहरुले आफ्नो कार्यालय नछाड्ने। सबै कर्मचारीहरु कार्यालयमा नियमित रूपमा उपस्थित रही आ-आफ्नो जिम्मेवारी र सेवा प्रवाहमा सक्रिय रहने।
२. अर्को व्यवस्था नभएसम्म वा परिस्थिति सामान्य नभएसम्मको लागि कुनै पनि विदा (क्रिया विदा, सुत्करी विदा बाहेक), काज नलिने/नदिने तथा तालिममा नखटाउने।
३. कुनै विशेष परिस्थिति परी विदा लिनु परेमा सम्बन्धित कर्मचारीले गर्ने काम प्रभावित नहुने व्यवस्था मिलाई कार्यालय प्रमुखको पूर्वस्वीकृति लिएर मात्र जाने व्यवस्था मिलाउने।
४. कार्यालयमा मौज्दात जिन्सी सामानहरुको एकिन विवरण तयार गरी राख्ने र आवश्यक परेका बखत अन्य कार्यालयबाट माग भएको खण्डमा यथाशिघ्र उपलब्ध गराउन तत्पर रहने।
५. उत्पादन, प्रसारण र व्यवसाय विकास निर्देशनालयले उक्त प्रभावित क्षेत्रमा रहेका कार्यालय तथा सहायक कम्पनीमा कार्यरत कर्मचारीहरुको व्यवस्थापन गर्न आवश्यक सुझाव यथाशिघ्र पेश गर्ने।
६. आ.व. २०८२/८३ को सम्पत्ति विवरण आफूलाई पायक पर्ने प्रादेशिक कार्यालय/प्रदेश डिभिजन कार्यालयमा समेत दर्ता गर्न सक्ने व्यवस्था मिलाईएकोले सोहि बमोजिम गर्ने गराउने। साथै सम्बन्धित प्रादेशिक कार्यालय/प्रदेश डिभिजन कार्यालयले आफ्नो कार्यालयमा दर्ता भएका सम्पत्ति विवरणहरुको सिलबन्दी खाम र सो को विवरण २०८३ आश्विन ९ गते सम्म सुशासन व्यवस्थापन महाशाखामा उपलब्ध गराउने।

०५/११

...............................

(दीर्घायु कुमार श्रेष्ठ)

का.मु.कार्यकारी निर्देशक

सम्पर्क फोन : ०१४१५३००७, ०१४१५३०१२, ०१४१५३१९३, ०१४१५३०८२, फ्याक्स : ०१४१५३००९
Email: neamd@nea.org.np, Web: www.nea.org.np